# नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## चलचित्र विकास बोर्डको अध्यक्ष पदको लागि
## आवेदन माग गरिएको सूचना

चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. दरखास्त पेश गर्ने अन्तिम दिनसम्म उमेर ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको।

२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनमा निरन्तर रुपमा कम्तिमा दश बर्ष कार्य गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनमा निरन्तर रुपमा कम्तिमा बीस बर्ष कार्य गरेको।

३. प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

४. उपरोक्त योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजातहरू संलग्न गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष दरखास्त पेश गर्नुपर्नेछः

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) योग्यता तथा अनुभव समेत खुल्ने व्यक्तिगत विवरण (Bio data),

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (सेवा अवधि खुल्ने गरी),

(च) नेपाली भाषामा A4 Size कागजमा तयार गरिएको बढीमा ५००० शब्दको शिलबन्दी व्यावसायिक कार्ययोजना (कम्प्युटर टाइप गरिएको, पहिलो पाना (Cover Page) को सबैभन्दा माथि आफ्नो नाम लेखिएको र अन्य कहीं पनि नाम वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको),

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको/नभएको स्वःघोषणा,

(ज) पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि।

५. शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणपत्रको हकमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने।

६. **दरखास्त पेश गर्ने अन्तिम म्यादः** यो सूचना प्रकाशित भएको मितिले पन्धौं दिन। सो दिनमा सार्वजनिक बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन।

७. **दरखास्त बुझाउने स्थानः** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरबार।

८. उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना, सोको प्रस्तुतीकरण र अन्तरवार्ताको मूल्याङ्कनका आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ ।

९. रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन।

१०. दरखास्त साथ उम्मेदवारले आफ्नो योग्यता समेत स्वःघोषणा पेश गर्नुपर्नेछ। स्वःघोषणाको ढाँचा मन्त्रालयको वेबसाइट www.mocit.gov.np बाट प्राप्त गर्न सकिने।

**पुनश्चः** यस विषयमा थप जानकारीको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखामा सम्पर्क गर्न सकिनेछ।

**श्री संयोजकज्यू,**
**चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समिति,**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार।**

**विषयः स्वःघोषणा सम्बन्धमा।**

प्रस्तुत विषयमा चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि आवेदनका साथमा देहायबमोजिमको घोषणा गर्दछु ।

| | हो | होइन |
|---|---|---|
| (क) नेपाली नागरिक | ☐ | ☐ |
| (ख) उमेर तीस वर्ष पूरा भई पैसठ्ठी वर्ष ननाघेको | ☐ | ☐ |
| (ग) कुनै राजनीतिक दलको सदस्य नरहेको | ☐ | ☐ |
| (घ) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको | ☐ | ☐ |
| (ङ) मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनमा निरन्तर रुपमा कम्तिमा दश बर्ष कार्य गरेको, वा | ☐ | ☐ |
| प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनमा निरन्तर रुपमा कम्तिमा बीस बर्ष कार्य गरेको | ☐ | ☐ |
| (च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (छ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव वेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको | ☐ | ☐ |
| (ज) पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको | ☐ | ☐ |
| (झ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र (DV/PR) नलिएको/नभएको। | ☐ | ☐ |

यस फाराममा लेखिएको व्यहोरा ठिक साँचो हो भनी स्वःघोषणा गर्दछु। गलत ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

**आवेदक**
हस्ताक्षरः
नाम :-
ठेगानाः- ..........................नगर/गाउँपालिका वडा नं. .......
मितिः